आज मिति २०८१/०५/२५ गते मंगलबार निस्दी गाउँपालिका, गाउँ कार्यपालिकाको ६७ औं बैठक नि
गाउँपालिकाका अध्यक्ष श्री मुक्त बहादुर सारु ज्यूको अध्यक्षतामा तपसिल अनुसारको उपस्थितिमा बसी दे
अनुसारको प्रस्ताव माथि छलफल गरी निर्णय गरियो ।

उपस्थिति :

१. अध्यक्ष श्री मुक्त बहादुर सारु

२. उपाध्यक्ष श्री तिरन कुमारी श्रेष्ठ

३. वडा अध्यक्ष १ नं. वडा श्री यम बहादुर राना

४. वडा अध्यक्ष २ नं. वडा श्री फत्ते सिं दर्लामी

५. वडा अध्यक्ष ३ नं. वडा श्री नविन्द्र थापा सोती

६. वडा अध्यक्ष ४ नं. वडा श्री सन्तविर सुनारी

७. वडा अध्यक्ष ५ नं. वडा श्री दुर्गा बहादुर सोमै

८. वडा अध्यक्ष ६ नं. वडा श्री मेख बहादुर सुनारी

९. वडा अध्यक्ष ७ नं. वडा श्री मुक्त बहादुर पाटा

१०. कार्यपालिका सदस्य श्री हेम कुमारी सुनारी

११. कार्यपालिका सदस्य श्री देवीसरा सोमै

१२. कार्यपालिका सदस्य श्री मिम्श्री बयम्बु

१३. कार्यपालिका सदस्य श्री खुमीसरा पुलामी

१४. कार्यपालिका सदस्य श्री रिकलाल कामी

१५. कार्यपालिका सदस्य श्री खुम बहादुर वि.क.

१६. सदस्य सचिव श्री मदन अर्याल

अन्य सहयोगी कर्मचारी

१७. लेखा अधिकृत श्री सरोज काफ्ले

१८. कर्मचारी श्री जिनीमाया सुनारी

१९. कार्यालय सहयोगी श्री लाल बहादुर खन्गाहा

२०. का. स. श्री सोमा कु. जाल

मिति २०८१/०५/२५ गते बसेको निस्दी गाउँपालिकाको ६७ औं गाउँ कार्यपालिका बैठकको प्रस्तावहरुः-

१. शिक्षक दरबन्दी मिलान सम्बन्धमा

२. स्वास्थ्य संस्थाहरुका लागि औषधी खरिदको दररेट सम्बन्धमा

३. आ.व.२०८०/०८१ को भुक्तानी बाँकी सम्बन्धमा

४. एक स्थानीय तह एक हुलाक कार्यालय संचालन सम्बन्धमा

५. आर्थिक सहयोग सम्बन्धमा

६. केम खाम्चा मार्गको Chainage सम्बन्धमा।

७. सब इन्जिनियर नियूक्ति सम्बन्धमा ।

२०८१।५।२५

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
मित्याल, पाल्पा

निर्णयहरु:

१.प्रस्ताव नं.१ माथि छलफल गर्दा निस्दी गाउँपालिकाको शिक्षा समितिको मिति २०८१/०५/२४ को निर्णय नं.१ शिक्षक पदस्थापना सम्बन्धी निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो।

२. प्रस्ताव नं.२ माथि छलफल गर्दा आ.व.२०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार आवश्यक औषधी खरिद को लागि ४ वटा सप्लायर्सबाट दररेट माग गरी औषत निकाली १०% कम गरी कायम भएको दररेटमा नबढ्ने गरि औषधी खरिद गर्नका लागि दररेट स्वीकृत गर्ने निर्णय गरियो।

३. प्रस्ताव नं.३ माथि छलफल गर्दा आ.व.२०८०/०८१ मा विविध कारणले भुक्तानी दिन नसकी बाँकी रही म.ले.प. फारम नं.२२१ (साविकको फारम नं.१८) भरी कायम भएका तपशिलका योजनाको भुक्तानीको प्रक्रिया अघि बढाउन निर्णय गरियो।

४. प्रस्ताव नं.४ माथि छलफल गर्दा जिल्ला हुलाक कार्यालय पाल्पाको च.नं.३९ मिति २०८१/०५/०४ को पत्रानुसार सहलकोट इलाका हुलाक, शेरडाँडा निस्दीलाई हुलाक कार्यालय निस्दी गाउँपालिका कायम गरी निस्दी गाउँपालिका वडा नं.४ मित्याल पालिका कार्यालय नजिकै स्थापना गर्ने निर्णय गरियो।

५. प्रस्ताव नं.५ माथि छलफल गर्दा निस्दी गाउँपालिका वडा नं.५ गल्धा बस्ने चन्द्र बहादुर सुनारी घर्ति र फूलमाया सुनारी घर्तिको छोरा वर्ष १५ को गगन सुनारी को औषधी उपचारको लागि पेश भएको निवेदन, जन्मदर्ता, अस्पतालको कागजातका आधारमा आर्थिक सहायता वापत रु.४० हजार प्रदान गर्ने निर्णय गरियो।

६. प्रस्ताव नं.६ माथि छलफल गर्दा पालिकाको आन्तरिक स्रोत बाट आव्हान भई निर्माणाधिन केम खाम्चा मार्ग निर्माणको लागि प्राथमिकताका आधारमा कार्यान्वयन हुने गरी निर्माण व्यवसायीलाई तपशिल बमोजिमको Channage प्रदान गर्ने निर्णय गरियो।

तपशिल:

१.सालघारी-भिरपानी उकालो-३०० मि. (Cutting work and small structure of gabion D/S of curve as instruction of Engineer Only)

२. बडहरे भञ्याङ- अर्चले जाने बाटो -(RCC works and Hume pipe culvert work as instruction of Engineer Only)

३. हात्तीभञ्याङ चोक- अंशुबर्मा चोन नं.२- Cutting work (as instruction of Engineer Only.)

४. बाकामलाङ- वडा कार्यालय- Side Drain work and Gravel Work

निस्दी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लुम्बिनी प्रदेश, नेपाल मित्याल, पाल्पा

२०८१/५/२५

अर्याल
अधिकृत

मुक्त बहादुर सारु
अध्यक्ष

म.ले.प.फाराम नं.२२१
साबिकको फारम नं.१८

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मित्याल, पाल्पा
कार्यालय कोड नं. ८०१०५५००४
**भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी**

**बजेट उपशीर्षक नं.**

**आर्थिक वर्ष : ०८०/८१**

| दायित्व सिर्जना भएको मिति | कारोबार संकेत नं. | खर्च उपशीर्षक | कार्यक्रमको नाम | कारोबारको संक्षिप्त व्यहोरा | भुक्तानी पाउनेको नाम | भुक्तानी दिन बाँकी रकम | भुक्तानी बाँकी रहनुको कारण |
|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
| २०८१/०३/२४ | | | मसलन्द तथा कार्यालय सामाग्री | | परफेक्ट कम्प्युटर | ११५४८७ | बजेट नपुग भएको कारण। |
| २०८१/०३/२४ | | | सवारी साधन मर्मत खर्च | | एस.पोखेल बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि | ३७८५५ | बजेट नपुग भएको कारण। |
| २०८१/०३/२४ | | | मसलन्द तथा कार्यालय सामाग्री | | रम्भादेवी इलेक्ट्रोनिक्स | २२५०२ | बजेट नपुग भएको कारण। |
| २०८१/०३/२४ | | | सिमलडाँडा जोखिम घर सपोर्टिङ वाल निर्माण | | सिमलडाँडा जोखिम घर सपोर्टिङ वाल निर्माण उ.स. | २९१००० | योजना भुक्तानीको कारण भौचर उठाउन बाँकी भएको। |
| २०८१/०३/२४ | | | मसलन्द तथा कार्यालय सामाग्री | | एक्स्ट्रा ट्रेड लिङ्क | १४८१४३ | बजेट नपुग भएको कारण। |
| २०८१/०३/३१ | | | झो.पु. हेरालु व्यवस्थापन | | प्रसाद सिंह सोमै | ५९४० | EFT सफल नभएको। |
| | | | | | जम्मा | ६२०९२७ | |

उपरोक्त व्यहोरा ठिक छ भनी

तयार गर्नेको सही :
मिति :

कार्यालय प्रमुख/ प्रमाणित गर्नेको सही :
मिति :
मदन अर्याल
प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका अध्यक्षको सही :
मिति :
मुक्त बहादुर सारु
अध्यक्ष

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा गाउँपालिकामा दरवन्दी रहेको इन्जिनियरिङ सेवा, सिभिल सम्
सव इन्जिनियर पद रिक्त रहेकोमा स्थायी पदपूर्ति नभए सम्मका लागि सेवा करारमा नियुक्ति ग
कामकाजमा लगाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।